# कबाडी माल, जडीबुटी बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन सम्बन्धी ठेक्का

**ठेक्का नं. :- BANKE/KOMUN/G/NCB-01/2079/080**

आ.व.२०७९/०८०


कोहलपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर,बाँके

(लुम्बिनी प्रदेश,नेपाल)

वेबसाईट : www.kohalpurmun.gov.np

ईमेल : kohalpurmun@gmail.com

कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

(लुम्बिनी प्रदेश, नेपाल)

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**विषय : आ.व.२०७९/०८० को लागि कबाडी मालसमान, जडीबुटी बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन ठेक्का बन्दोबस्त सम्बन्धी बोलपत्र पेश गर्ने आव्हानको सूचना ।**

**तेस्रो पटक सूचना प्रकाशित मिति :-२०७८९/०७/०६**

**ठेक्का नं. : BANKE/KOMUN/G/NCB-01/2079/080**

आ.व.२०७९/०८० को लागि मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्र भित्रका उद्योग कलकारखानाबाट निस्कने कबाडी माल, जडीबुटी र प्रचलित कानून बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिंग, प्वाँख, छाला वा यस्तै प्रकृतिको व्यवसायिक उपयोग गरे वापत बिक्री बितरण तथा उपयोगमा लाग्ने कर संकलनको लागि **स्थानिय सरकार सञ्चालन ऐन-२०७४ को दफा ६१ बमोजिम** देहायको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यस नगरपालिकाले तोकेको शर्तहरुको अधिनमा रही इच्छुक व्यवसायी, फर्म, कम्पनी तथा व्यक्तिहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी कर शुल्क संकलन गर्नका लागि यस नगरपालिकाबाट जारी गरिएको तपशिल बमोजिमको बोलपत्र फाराम खरिद गरी तोकिएको म्याद भित्र बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| सि.नं. | किसिम | कर तथा मर्मत शुल्क संकलन क्षेत्र | न्युनतम ठेक्का मुल्य रु. (भ्याट सिहत) | बोलपत्र खरिद दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | कबाडी माल, जडीबुटी तथा बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन | मुख्य राजमार्ग समेत नगरपालिकाको क्षेत्र भित्रका उद्योग तथा कलकारखानाहरु | १२,००,०००।- | ३०००।०० | |

१. बोलपत्र खरिद गर्न ईच्छुक व्यवसायी, फर्म तथा कम्पनीहरुले मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०७९/०८० सम्मको फर्म नविकरण, आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वा कर विवरण पेश गरेको कागजात तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र मु.अ.करमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी साथ मिति २०७९/०७/२१ गते दिनको १२:०० बजे सम्ममा तोकिएको बोलपत्र दस्तुर तिरी यस नगरपालिकाको कार्यालयबाट खरिद गर्न सकिने छ ।

ई-बिड मार्फत बोलपत्र पेश गर्ने इच्छुक बोलपत्रदाताले तोकिएको बोलपत्र दस्तुर कृषि विकास बैंक शाखा कार्यालय कोहलपुर स्थित यस नगरपालिकाको नाममा रहेको राजश्व खाता नं. ०७२०५०१०००२३५३६५ मा जम्मा गरि सो को सक्कल भौचर तथा माथि उल्लेखित कागजात सहित सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत बोलपत्र फारम पेश गर्न सकिने छ ।

२. तोकिएको म्याद भित्र खरिद गरिएका बोलपत्र हरु मिति २०७९/०७/२१ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा वा सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्नेछ ।

३. बोलपत्र साथ जमानत बापत कबोल अंक (मु.अ. कर समेत) को १० प्रतिशतले हुन आउने रकम कृषि विकास बैंक शाखा कार्यालय कोहलपुर स्थित यस नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. ०७२०५०१०००२३५२१७ मा जम्मा गरेको सक्कल भौचर वा सोहि रकम बराबरको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंक वा वित्तीय संस्थाले यस कार्यालयको नाममा जारी गरेको बोलपत्र जमानतपत्र (बिड बण्ड) पेश गर्नु पर्नेछ । बोलपत्र मान्य हुने अवधि बोलपत्र पेश गर्ने अन्तिम मिति बाट ९० दिनको हुनेछ र बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अवधि भन्दा कम्तिमा ३० दिन बढीको हुनु पर्नेछ ।

४. तोकिएको समय भित्र प्राप्त बोलपत्रहरु मिति २०७९/०७/२१ गते दिनको १:०० बजे कार्यालय एवं बोलपत्रदाताको प्रतिनिधिको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन र समय लाई अन्तिम दिन/समय मानिनेछ ।

६. प्रचलित कानुन बमोजिम तिर्नुपर्ने कर तथा शुल्कहरु बोलपत्रदाता स्वंयले तिर्नुपर्ने छ ।स्वीकृत बोलपत्रदाताले कार्यालयमा बुझाउनु पर्ने सम्पूर्ण रकम र कर चुक्ता गरेको प्रमाणपत्र पेश गरेपछी मात्र धरौटी रकम फिर्ता हुनेछ । अन्य बोलपत्रदाताको हकमा सम्झौता भएपछि धरौटी रकम फिर्ता दिईनेछ ।

७. कर शुल्क संकलनको दररेट बोलपत्र फाराममा संलग्न गरिएको छ ।

८. आ.व. २०७९/०८० को लागि कबाडी मालसामानहरुको बिक्रि वितरण तथा उपयोगमा लाग्ने कर संकलन अवधि सम्झौता मिति देखि लागु भई १ बर्ष सम्मको लागि हुनेछ ।

९. बोलपत्र स्वीकृत भई सम्झौंता भए पश्चात कुनै किसिमको छुट, मिनाह वा माफी दिईने छैन।

१०. सम्झौता गर्दा कबोल अंकको ४० प्रतिशत रकम कृषि विकास बैंक शाखा कार्यालय कोहलपुर स्थित यस नगरपालिकाको नाममा रहेको आन्तरिक राजस्व खाता नं. ०७२०५०१०००२३५३६५ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ र बाँकि रहेको ६० प्रतिशत रकम सोहि खातामा जम्मा गरि सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सम्झौता अवधि भन्दा १ महिना पछि सम्म म्याद भएको कार्यसम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्ने छ । बोलकबोल अंकको रकम सम्झौंता गर्ने समयमा एकमुकष्ट बुझाएमा **५ प्रतिशत** छुट प्रदान गरिनेछ । ४० प्रतिशत रकम मात्र जम्मा गरेर कार्य सम्पादन जमानतपत्र (Performance Bond) पेश नगरेमा सम्झौंता गरिने छैन ।

११. बोलपत्रदाताले बोलपत्रमा बोलकबोल रकम अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित बोलकबोल रकम फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ।

१२. म्याद नाघि वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१३. यस नगरपालिकाको हितलाई मध्यनजर गरी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. बोलपत्रदाताले ठेक्का लिई रकम संकलन गर्ने क्रममा कुनै किसिमको हानी नोक्सानी वा दुर्घटना भएमा बोलपत्रदाता स्वयं सो को जवाफदेही हुनुपर्नेछ ।

१५. ठेक्का सम्बन्धी रसिदहरु बोलपत्रदाता आफैले छपाई नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। कार्यालयबाट प्रमाणित नगराई उठाईएको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

१६. यस सूचनामा उल्लेख नभएको कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन (संसोधन समेत), २०६३, सार्वजनिक खरिद नियमावली (संसोधन समेत), २०६४ र अन्य प्रचलित ऐन र कानुन बमोजिम हुनेछ ।

१७. ठेक्का सम्बन्धी विस्तृत जानकारी यस नगरपालिकाको कार्यालय कोहलपुर-११, बाँकेमा बुझ्न सकिनेछ । अथवा यस नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वा सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणालीको वेबसाइट www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ ।

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

.........................................

टिकाराम ढकाल

(प्रमुख प्रशासकीय अधिकृत)

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# कोहलपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
(लुम्बिनी प्रदेश, नेपाल)

वेबसाईट : www.kohalpurmun.gov.np

ईमेल : kohalpurmun@gmail.com

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**कबाडी माल, जडीबुटी तथा जीवजन्तु बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन सम्बन्धी ठेक्काको बोलकबोल फाराम ।**

**न्युनतम ठेक्का मुल्य रु. १२,००,०००/- (भ्याट सहित)**

**ठेक्का नं. : BANKE/KOMUN/G/NCB-01/2079/080**

| सि.नं. | विवरण | कबोल अंक रु. (भ्याट बाहेक) | कबोल अंक रु. (अक्षरमा ) | कैफियत |
|---|---|---|---|---|
| १ | कबाडी माल, जडीबुटी तथा बिक्रि बितरण तथा उपयोगमा लाग्ने कर संकलन | | | |
| | कबोल अंक रु. | | | |
| | १३ प्रतिशत भ्याट रु. | | | |
| | जम्मा रु. | | | |

फर्म, कम्पनीको छाप :

निवेदकको दस्तखत :

नाम थर :

पद :

फर्म, कम्पनीको नाम :

ठेगाना :

सम्पर्क नं. :

मिति :

कर/शुल्क संकलनको दररेट बोलपत्र फाराममा संलग्न गरिएको छ ।

## कर/शुल्क संकलनको दररेट

| सि.नं. | कवाडी सामानको विवरण | निर्धारित दर रु. | कैफियत |
|---|---|---|---|
| १ | कागज तथा कार्टुनजन्य पदार्थहरु प्रति के.जी. | प्रति के.जी. रु.१।०० | |
| २ | **जे जस्तो अवस्थामा छ पुन:सोहि रुपमा प्रयोग गर्न सकिने** | | |
| २.१ | खाली शिशी (बियरको) हल्का पेय पदार्थ बाहेक प्रतिगोटा | ०.२५ पैंसा | |
| २.२ | खाली शिशी (५०० एम.एल. भन्दा माथि ) प्रतिगोटा | ०.२५ पैंसा | |
| २.२ | खाली शिशी (५०० एम.एल. भन्दा तल ) प्रतिगोटा | ०.१० पैंसा | |
| २.३ | प्लाष्टीक वोतल, भाडाकुडा, पुराना जुत्ता चप्पल र ग्यालेन प्रतिगोटा | ०.५० पैंसा | |
| ३ | **खालि बोरा प्रतिगोटा** | | |
| २.१ | जुटको बोरा १०० के.जी. क्षमताको प्रतिगोटा | ०.२५ पैंसा | |
| २.२ | जुटको बोरा ५० के.जी. क्षमताको प्रतिगोटा | ०.१० पैंसा | |
| २.२ | प्लाष्टिकको बोरा ५० के.जी. क्षमताको प्रतिगोटा | ०.१० पैंसा | |
| ४ | **खालि बोरा प्रतिगोटा** | | |
| ४.१ | १० लि. भन्दा बढी क्षमताको प्रतिगोटा | रु.१.०० | |
| ४.२ | १० लि. भन्दा कम क्षमताको प्रतिगोटा | ०.५० पैंसा | |
| ५ | **पुन :प्रशोधन गरी प्रयोग गर्न सकिने** | | |
| ५.१ | झिण्डु ( प्राकृतिक र कृतिम उनका टुक्रा ) प्रति के.जी. | रु.१.०० | |
| ५.२ | गार्मेन्टका कपडाका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ५.३ | जलेको मोविल प्रति लिटर | ०.५० पैंसा | |
| ५.४ | जुट र प्लाष्टिकका बोरा फाटेका प्रति के.जी. | रु.१.०० | |
| ५.५ | प्लाष्टिकका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ५.६ | पुराना टायर र ट्युब प्रति के.जी. | रु.१.०० | |
| ५.७ | थोत्रो टिन प्रति के.जी. | ०.५० पैंसा | |
| ५.८ | पुरानो ड्रम प्रति के.जी. | ०.५० पैंसा | |
| ६ | **धातुका कबाडी सामानहरु प्रति के.जी.** | | |
| ६.१ | फलामजन्य सामान तथा टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ६.२ | अन्य धातु -पित्तल,तामा,जिङ्क आदिका सामान तथा टुक्राहरु प्रति के.जी. | रु.१.०० | |
| ६.३ | बिग्रेका मेशीनरी औजार तथा पाटपुर्जा प्रति के.जी. | रु.१.०० | |
| ७ | **अन्य** | | |
| ७.१ | पोलिथिन पाईपका टुक्रा प्रति के.जी. | रु.१.०० | |
| ७.२ | सिसा (लिडका टुक्रा र धुलो ) प्रति के.जी. | रु.१.०० | |
| ७.३ | काँचको टुक्रा र धुलो प्रति के.जी. | रु.१.०० | |
| ७.४ | मिनरल बाटरको बोतलहरु प्रति गोटा | ०.१० पैंसा | |
| ८ | जडीबुटी वा जिवजन्तु(प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका मृत वा मारिएका जिवजन्तुको हाड, सिंग, प्वाँख र छाला ) करको हकमा प्रति ट्रीप | रु.५००।- देखि ५,०००।- सम्म | |

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत